# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०९।२५ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, गोडियाना, बर्दियामा कार्यरत गणित शिक्षक (मा.वि. तृतीय श्रेणी) चन्द्रविन सिंहले स्थायी शिक्षकको पदपुर्ति गर्नको लागि अनुभवको प्रमाण-पत्र पेश गर्ने क्रममा निजको नियुक्ति २०६९/०१/०५ भएकोमा सो नियुक्तिलाई सच्याई २०६२ सालको नियुक्ति पेश गरी स्थायी शिक्षक पदमा सिफारिस भएकोले निजको नियुक्ति बदर गरी योग्यता क्रमको आधारमा सो पदपुर्ति गरीपाउँ भन्ने व्यहोराको उजुरी उपर विस्तृत अनुसन्धान हुँदा निजले शुरू नियुक्ति हुने र सो हैसियतले लाभ सुविधा लिने उद्धेश्यले नक्कली एवम् झुठ्ठा अनुभवको प्रमाण-पत्र पेश गरी शिक्षक पदमा स्थायी नियुक्ति लिएको देखिन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुर गरेको देखिन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता